# शहिद लखन गाउँपालिका
# ज्येष्ठ नागरिक परिचय-पत्र वितरण कार्यविधि, २०७६

प्रमाणित

२०७६।०७।१३

जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

शहिद लखन गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

घैरुङ्ग, गोरखा

# शहिद लखन गाउँपालिका
# ज्येष्ठ नागरिक परिचय-पत्र वितरण कार्यविधि -२०७६

**प्रस्तावनाः** ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरु प्रति श्रद्धा, आदर तथा सद्भाव अभिवृद्धि गर्नुका साथै तोकिएको सेवा एवं सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसूची-८ को क्र.सं. १६ बमोजिमको कार्य गर्न शहिद लखन गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठकबाट जारी गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (क) यस कार्यविधिको नाम ज्येष्ठ नागरिक परिचय-पत्र वितरण कार्यविधि, २०७६ रहेको छ ।

(ख) यो कार्यविधि शहिद लखन गाउँपालिका, गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भए पछि प्रारम्भ हुनेछ ।

(ग) यो कार्यविधि शहिद लखन गाउँपालिका क्षेत्र भित्र लागु हुनेछ ।

## परिच्छेद २
## परिभाषा

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः

क) "ऐन" भन्नाले जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ लाई सम्झनु पर्दछ ।

ख) "नियमावली" भन्नाले ज्येष्ठ नागरिक सम्बन्धी नियमावली, २०६५ लाई सम्झनु पर्दछ ।

ग) "ज्येष्ठ नागरिक" भन्नाले साठी वर्ष उमेर पुरा गरेको नेपाली नागरीक सम्झनु पर्छ ।

घ) "एकल ज्येष्ठ नागरिक" भन्नाले विधवा, विदुर वा अविवाहित एकल ज्येष्ठ नागरिक सम्झनु पर्दछ ।

ङ) "असहाय ज्येष्ठ नागरिक" भन्नाले देहायको कुनै वा सबै अवस्थाको ज्येष्ठ नागरिक सम्झनु पर्दछ :

अ) जीवनयापन गर्ने कुनै आधार, आयस्रोत नभएको ,

आ) पालनपोषण तथा हेरचाह गर्ने परिवारको कुनै सदस्य नभएको,

इ) परिवारको सदस्य भए पनि निजले पालनपोषण नगरी अपहेलीत वा उपेक्षित जीवनयापल गर्नु परेको

च) "वरिष्ठ ज्येष्ठ नागरिक" भन्नाले ७० वर्ष उमेर पुरा गरेका ज्येष्ठ नागरिक सम्झनु पर्दछ ।

छ) "अशक्त ज्येष्ठ नागरिक" भन्नाले शारीरिक वा मानसिक रुपले अशक्त ज्येष्ठ नागरिक सम्झनु पर्दछ ।

ज) "गाउँपालिका" भन्नाले शहिद लखन गाउँपालिकालाई सम्झनु पर्दछ ।

## परिच्छेद ३
## आधार र उद्देश्य

३. **परिचय-पत्र वितरणका आधार :** नेपालको संविधानको धारा ४१ मा उल्लेख भए बमोजिम ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक सम्बन्धि नियमावली २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचय-पत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका आधार हुनेछन् ।

४. **उद्देश्य :**

क) ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानीय तह देखि नै ज्येष्ठ नागरिकहरुको लगत राख्ने ।

ख) नेपालको संविधान अनुसार प्रदत्त ज्येष्ठ नागरिकहरुको हक, अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकहरुको वर्गिकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकहरुलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

ग) प्रचलित ऐन, नियम अनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने ।

शहिद लखन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

२०७६/०७/१८
जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

५. **लक्षित वर्ग** : ज्येष्ठ नागरिक सम्बन्धि ऐन २०६३ ले पारिभाषित गरे अनुसारका साठी वर्ष उमेर पुरा गरेका गाउँपालिकाका सबै नागरिकहरु ।

## परिच्छेद ४
## ज्येष्ठ नागरिकको वर्गिकरण

६. **ज्येष्ठ नागरिकको वर्गीकरण:** ज्येष्ठ नागरिक सम्वन्धि नियमावली २०६५ को नियम १४ को उपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहाय बमोजम गरिएको छ ।

क) सत्तरीवर्ष उमेर पुरा नगरेका ज्येष्ठ नागरिक

ख) सत्तरी वर्ष उमेर पुरा गरेका वरिष्ठ ज्येष्ठ नागरिक

ग) असहाय ज्येष्ठ नागरिक

घ) अशक्त ज्येष्ठ नागरिक

ङ) एकल ज्येष्ठ नागरिक ।

## परिच्छेद ५
## ज्येष्ठ नागरिकको परिचयपत्र

७. **परिचय-पत्र वितरण मापदण्ड:** ज्येष्ठ नागरिक सम्वन्धि नियमावली २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेका गाउँपालिकाका नागरिकहरुलाई मात्र ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्न सकिनेछ ।

८. **परिचय-पत्र वितरण प्रकृया :**

क) ज्येष्ठ नागरिक परिचय-पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयं वा निजको संरक्षकले सम्वन्धित अनुसूची १ बमोजिमको ढाँचामा गाउँपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी र २ प्रति अटो साईजको फोटो संलग्न हुनु पर्नेछ । यस प्रयोजनको लागि नागरिकताको प्रमाण-पत्रलाई आधार मानिने छ ।

ग) ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्ने अधिकारी प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारी हुनेछ ।

घ) परिचय-पत्र प्राप्त जेष्ठ नागरिकहरुको लगत तोकिए बमोजिमको सफ्टवयरमा कम्प्यूटरराइज गरी नगरपालिकाको कार्यालयमा राखी वार्षिक रुपमा आवश्यकता अनुसार अन्य निकायमा पठाउन सकिने छ ।

ङ) ज्येष्ठ नागरिक परिचय-पत्रको प्रतिलिपी लिन सम्वन्धित वडाको सिफारिस सहित गाउँपालिकामा निवेदन पेश गर्नु पर्नेछ ।

९. ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचा :

ज्येष्ठ नागरिक सम्वन्धि नियमावली २०६५ को अनुसूची - ३ बमोजिमको ढाँचालाई नै आधार मानी ज्येष्ठ नागरिकको परिचय-पत्रको ढाँचा यस कार्यविधिको अनुसूची - २ बमोजिमको हुनेछ । ज्येष्ठ नागरिक परिचय-पत्रको आकार नेपाली नागरिकताको प्रमाण-पत्रको आकार बराबरको हुनेछ ।

## परिच्छेद ६
## विविध

१० विविध :

ज्येष्ठ नागरिक परिचय-पत्र वितरण सम्वन्धमा माथि उल्लेखित व्यवस्था बाहेक प्रचलित कानूनको अधिनमा रही गाउँ कार्यपालिकाकाले निर्णय गरे बमोजिम हुनेछ ।

२०७८/०८/०६

जीवन बहादुर आल मगर
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची - १
नियम७ (क) संग सम्बन्धित

मिति :

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
शहिद लखन गाउँपालिका, गोरखा ।

विषय : ज्येष्ठ नागरिक परिचय-पत्र पाउँ ।

उपरोक्त सम्बन्धमा प्रचलित कानून बमोजिम म ज्येष्ठ नागरिक भएको हुँदा वरिष्ठ ज्येष्ठ/असहाय ज्येष्ठ/अशक्त ज्येष्ठ/एकल ज्येष्ठ/ज्येष्ठ नागरिक परिचय-पत्र उपलब्ध गराईदिनु हुन तपशिल बमोजिमको आवश्यक कागजात पेश गरी अनुरोध गर्दछु ।

निवेदकको
दस्तखत :
नाम, थर :
उमेर :
ठेगाना :

**संलग्न कागजातहरु:**
क) नागरिकता प्रमाणपत्रको प्रतिलिपी थान-१
ख) असहाय, अशक्त र एकल ज्येष्ठ नागरिकको हकमा वडा कार्यालयको सिफारिस पत्र
ग) नागरिकता प्रमाणपत्र र हालको स्थायी ठेगाना फरक भएमा बसाइसराई प्रमाण पत्रको प्रतिलिपी
घ) हालसालै खिचेको पासपोर्ट साइजको २ वटा फोटो

शहिद लखन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय धैरङ, गोरखा २०७३

२०७६/०८/०६
जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची - २
नियम ८ संग सम्बन्धित

शहिद लखन गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

घैरुङ्ग, गोरखा
गण्डकी प्रदेश, नेपाल

## ज्येष्ठ नागरिक परिचय- पत्र

फोटो

परिचय-पत्र नं. : .....................
नाम, थर : ..................................................
नागरिकता प्रमाण-पत्र नं. ............................ जारी गर्ने जिल्ला ...........................
ठेगाना : जिल्ला .................................. गाउँपालिका ...................
वडा नं. .................... टोल/गाउँ ............................................
उमेर : ................. लिङ्ग ............................. वर्ग ......................................
उपलब्ध छुट तथा सुविधाहरु : स्वास्थ्य सेवा, सार्वजनिक सवारीमा ५० प्रतिशत छुट, सार्वजनिक स्थलमा प्राथमिकता
पति/पत्नीको नाम : ................................
हेरचाह केन्द्रमा बसेको भए सो को विवरण : ................................................
सम्पर्क गर्नुपर्ने व्यक्तिको नाम, थर, सम्पर्क ठेगाना : ........................................
रक्त समुह : ........................ रोग भए रोगको नाम : ............................
सेवन गरिरहेको औषधिको नाम : ....................................................

बुझिलिनेको दस्तखत

दाँया | बाँया

प्रमाणित गर्ने अधिकृतको :
दस्तखत:
नाम, थर:
पद:
मिति:

शहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घैरुङ्ग, गोरखा
२०७४

२०७६/०७/०३
जीवन बहादुर आल मगर
प्रमुख प्रशासकीय अधिकृत

मिति २०७६।०७।०६ गतेको गाउँ कार्यपालिकाको बैठकबाट पारित भएको व्यहोरा प्रमाणित गर्दछु।

नामः जीवन बहादुर आले मगर

पदः प्रमुख प्रशासकीय अधिकृत

दस्तखतः

प्रमणिकरण मितिः २०७६।०७।०६

जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

शहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
थरङ, गोरखा
२०७३